का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं. ३६९९२/०६९/०७०

फोन नं. ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी ब्यवसायी महासंघ

## Federation of Nepal Gold and Silver Dealers' Associations

Attn: News Desk

स्थापित : २०६९, काठमाडौं ।

मिति : २०८१/०७/२३

### Weekly Chart







| Date | Day | Gold Per 10g | Gold Per Tola | Silver Per 10g | Silver Per Tola |
|---|---|---|---|---|---|
| 2081/07/18 | Sunday | Tihar Holiday. | | | |
| 2081/07/19 | Monday | | | | |
| 2081/07/20 | Tuesday | 1,44,205 | 1,68,200 | 1,740.50 | 2,030 |
| 2081/07/21 | Wednesday | 1,44,460 | 1,68,500 | 1,727.50 | 2,015 |
| 2081/07/22 | Thursday | 1,41,030 | 1,64,500 | 1,680.50 | 1,960 |
| 2081/07/23 | Friday | 1,42,745 | 1,66,500 | 1,697.50 | 1,980 |

### सुन र चाँदीको मुल्यमा उतार चढाव

यो साता सुनचाँदीको मुल्यमा उतार चढाव आएको छ । अमेरिकी राष्ट्रपतिको निर्वाचनको परिणामसँगै सुनको मुल्यमा उतार चढाव देखिएको हो । यो सँगै अमेरिकी डलरको विनिमय दरमा देखिएको उच्च रेकर्ड, फेडरल रिजर्भले ब्याज दर घटाउँदाको प्रभाव पनि सुनको मुल्यमा परेको बिश्लेषकहरुको भनाई छ ।

नेपाली बजारमा पनि यो साता सुनको मुल्यमा उतार चढाव आयो । साताको पहिलो दिन आइतबार र दोस्रो दिन शोमबार तिहार पर्वका कारण सुनको दरभाउ प्रकाशन भएको थिएन । साताको तेस्रो दिन मंगलबार प्रति १० ग्राम १ लाख ४४ हजार २ सय ५ रुपैयाँ पुग्यो । साताको चौथो दिन बुधबार मुल्य प्रति १० ग्राम १ लाख ४४ हजार ४ सय ६० पुग्यो । यसपश्चात साताको पाँचौं दिन बिहिबार मुल्य घटेर प्रति १० ग्राम सुनको मुल्य १ लाख ४१ हजार ३० रुपैयाँ कायम भयो । साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार भने फेरी बढेर प्रति १० ग्राम १ लाख ४२ हजार ७ सय ४५ रुपैयाँ पुग्यो । यो मुल्य साताको तेस्रो अर्थात बजार खुलेको पहिलो दिनको तुलनामा पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम १ हजार ४ सय ६० कम हो ।

यो साता नेपाली बजारमा चाँदीको मुल्य पनि सामान्य घटेको छ । साताको तेस्रो दिन मंगलबार प्रति १० ग्राम १ हजार ७ सय ४० रुपैया ५० पैसा पुगेको मुल्य साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम १ हजार ६ सय ९७ रुपैयाँ ५० पैसा कायम भयो ।

किरणभाई बज्राचार्य
**महासचिव**